अनुसूची-२

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय,बबरमहल, काठमाडौं

फोन नं.०१-४१११८९५/५३२०९१३/५९०९६१२

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०२/१२

## मिडिया सल्लाहकार परामर्शदाताको सेवा खरिद सम्बन्धी सूचना

सेवाको आवश्यकता परेकोले सो सम्बन्धी कार्य गर्न ईच्छुक सेवा प्रदायक/विशेषज्ञ वा परामर्शदाताबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरभाउपत्र/प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सम्बन्धीत कार्यको TOR सग्लन रहेको छ । वित्तीय संस्थाले TOR मा तोकिएका कार्य पुरा गर्ने सेवा प्रदायकहरुलाई मात्र खरिद प्रक्रियाका लागि समावेश गर्नेछ । सेवा प्रदायकहरुलाई छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।

यस वित्तीय संस्थामा, संस्थागत छवि अभिवृद्धि, सञ्चार माध्यमहरूसँग प्रभावकारी समन्वय, संस्थाका गतिविधि तथा उपलब्धिहरूको सामाजिक सञ्जाल/पत्रपत्रिका/साना किसान विशेषाङ्क/ रेडियो/टेलिभिजनका माध्यमबाट प्रचार-प्रसार, संस्थाको व्यवसाय विस्तार, सार्वजनिक सम्बन्ध व्यवस्थापन तथा संकट सञ्चार (Crisis Communication) लाई व्यवस्थित र प्रभावकारी बनाउन १ (एक) जना मिडिया सल्लाहकार आवश्यक परेको हुँदा संलग्न बमोजिमको कार्य के/कति रकममा गर्न सकिने हो सो व्यहोरा खुलाई मिति २०८३/०३/२६ भित्र यस वित्तीय संस्थामा आईपुग्ने गरी योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट बायोडाटा सहित निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । वित्तीय संस्थाले तोकिएका योग्यता पुरा गर्ने सेवा प्रदायकहरुलाई मात्र खरिद प्रक्रियाका लागि समावेश गर्नेछ । सेवा प्रदायकहरुलाई छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।

- ✓ **शक्षिक योग्यता** : पत्रकारिता विषयमा स्नातक तह उर्तिण गरेको ।
- ✓ **कार्यअनुभव** : ५ बर्ष (कुनै एक राष्ट्रिय स्तरको मिडिया अथवा वा बैंक तथा वित्तीय संस्थामा)

## "Terms of reference (ToR) of Media Consultant"

**१) कार्यक्षेत्र (Scope of Services)**

मिडिया परामर्शदाताले कार्यहरू देहाय बमोजिम रहेका छन ।

**क. सञ्चार माध्यमसँग सम्बन्ध व्यवस्थापन**

- सबै मिडिया सोधपुछ तथा अन्तर्वार्ता अनुरोधका लागि प्रमुख सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने,
- उपयुक्त सञ्चारमाध्यममा समाचार तथा विशेष सामग्री सक्रिय रुपमा प्रस्ताव गर्ने,
- नेपालको अग्रणी थोक कर्जा प्रदान गर्ने लघुवित्त वित्तीय संस्थाका रुपमा SKBBL को पहिचान प्रबर्धन गर्ने,
- संस्थाले प्राप्त गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरस्कार एवं सम्मानहरु प्रचारप्रसार गर्ने,

- संस्थाका नीति, कार्यक्रम, सेवा, उपलब्धि तथा महत्वपूर्ण गतिविधिसँग सम्बन्धित सूचना तथा सञ्चार सामग्री तयार गर्ने,
- संस्थाको ब्रान्डिङ तथा संस्थागत पहिचान अनुरूप सञ्चार सामग्रीको विकासमा सहयोग गर्ने ।

**ख. संकट सञ्चार व्यवस्थापन**

- नकारात्मक समाचार, गलत सूचना वा सार्वजनिक चासोका विषयमा समयमै प्रभावकारी प्रतिक्रिया दिने,
- संवेदनशिल विषयमा कानुनी विभाग तथा वरिष्ठ व्यवस्थापनसँग समन्वय गर्ने ।

**ग. मिडिया समन्वय**

- छापा, अनलाइन तथा प्रसारण माध्यममा प्रकाशित/प्रसारीत सामग्रीको नियमित अनुगमन गर्ने,
- मिडिया प्रवृति तथा अवसरहरुको पहिचान गरी सक्रिय सहभागिताको योजना बनाउने,
- संस्थाका कार्यक्रम, उपलब्धि तथा महत्वपूर्ण गतिविधिहरूको मिडिया कभरेज व्यवस्थापनमा सहयोग गर्ने,
- आवश्यकतानुसार प्रेस विज्ञप्ति, प्रेस नोट, भाषण, समाचार सामग्री तथा अन्य आधिकारिक सञ्चार सामग्री तयार गर्ने ।

**घ. डिजिटल सञ्चार**

- नियमित रुपमा संस्थाका गतिविधिहरु, कार्यक्रम तथा सूचनाहरु समयमै सार्वजनिक गर्ने,
- संस्थाको वेबसाइट तथा आधिकारिक सामाजिक सञ्जालहरूको नियमित अद्यावधिकमा सहयोग गर्ने,
- डिजिटल प्लेटफर्मका लागि आवश्यक सामग्री तयार गर्ने तथा प्रचार-प्रसारमा सहयोग गर्ने,
- संस्थासम्बन्धी सञ्चार तथा मिडिया गतिविधिको अनुगमन गरी आवश्यक सुझाव प्रदान गर्ने ।

**ङ. प्रकाशन तथा सामग्री विकास**

- संस्थाका परियोजनाहरु, साना किसान, महिला उद्यमी तथा सीमान्तकृत समुदायका सफलताका कथाहरुको प्लेटफर्मअुसार भिडियो, स्टोरी आदि तयार गर्ने, युट्युबका लागि भिडियो शैलीका रिल्स तयार गर्ने,
- वार्षिक प्रतिवेदन, समाचारपत्रिका, स्मारिका, ब्रोसर, प्रोफाइल, सफलताका कथा तथा अन्य प्रकाशन सामग्रीको तयारी, सम्पादन तथा प्रकाशनमा सहयोग गर्ने,
- आवश्यकतानुसार फोटो, भिडियो तथा अन्य प्रचार सामग्रीको व्यवस्थापनमा सहयोग गर्ने ।

**च. कार्यक्रम व्यवस्थापन**

- संस्थाले आयोजना गर्ने वार्षिक साधारण सभा, परियोजना शुभारम्भ तथा उपलब्धि समारोह, साझेदारी सम्झौता हस्ताक्षर कार्यक्रम, तालिम कार्यक्रम, वार्षिकोत्सव समारोह तथा अन्य कार्यक्रममा मिडिया व्यवस्थापन गर्ने ।
- गोष्ठी, तालिम, सम्मेलन, उद्घाटन, शुभारम्भ तथा अन्य कार्यक्रमहरूको सञ्चार तथा मिडिया व्यवस्थापनमा सहयोग गर्ने, पत्रकार सम्मेलन तथा मिडिया ब्रिफिङ आयोजना गर्ने ।
- संस्थाले प्रदान गर्ने सेवा, भएका कार्यक्रमहरूको प्रचार-प्रसार तथा सञ्चार योजना कार्यान्वयनमा आवश्यक सहयोग गर्ने ।

**छ. परामर्श सेवा**

- संस्थाको सञ्चार रणनीति, सार्वजनिक सम्बन्ध, ब्रान्डिङ तथा प्रतिष्ठा व्यवस्थापन सम्बन्धी विषयमा आवश्यक परामर्श प्रदान गर्ने ।
- सञ्चार तथा जनसम्पर्क सुधारका लागि आवश्यक सुझाव तथा सिफारिस उपलब्ध गराउने ।

**ज अन्य कार्य**

- संस्थाले समय-समयमा तोकेका सूचना, सञ्चार, मिडिया तथा ब्रान्डिङसँग सम्बन्धित अन्य कार्यहरू सम्पादन गर्ने ।

**२. न्यूनतम योग्यता तथा अनुभव**

- पत्रकारिता, आमसञ्चार, जनसम्पर्क, सञ्चार, व्यवस्थापन वा सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- सञ्चार, मिडिया, जनसम्पर्क वा संस्थागत ब्रान्डिङ क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव ।
- डिजिटल सञ्चार तथा सामाजिक सञ्जाल व्यवस्थापन सम्बन्धी ज्ञान ।
- बैंक तथा वित्तीय संस्था वा विकास साझेदार संस्थामा कार्य गरेको अनुभव भएमा प्राथमिकता दिइने ।